## आफ्नो अधिकार थाहा पाउनुहोस:

### आवासको खोजीमा रहेका घरेलु हिंसाबाट बच्नेहरू बिरुद्ध हुने अवैधानिक भेदभाव[1]

**के घरेलु हिंसाबाट बच्नेहरूप्रति भेदभाव गर्नु गैर कानुनी हो?**

केही परिस्थितिहरूमा, संघीय कानूनले[i] घरेलु हिंसामा परेकै आधारमा आवास प्रदायकहरू, जस्तै घरधनीहरु र व्यवस्थापकहरुले, भाडावाल र संभावित भाडावालहरूलाई भेदभाव गर्नुलाई अवैध मान्दछ। भेदभाव तब हुन्छ जब एक आवास प्रदायकले एक घरेलु हिंसाबाट बचेको व्यक्तिलाई अन्य भाडावालहरू भन्दा खराब व्यवहार गर्दछ किनभने तिनीहरू घरेलु हिंसाबाट बच्नेहरूमा पर्दछन। घरमालिकहरूले एक संभावित भाडावाललाई अरुलाई भन्दा धेरै सुरक्षा रकम जम्मा गर्न लगाउनु वा अरुको भन्दा धेरै भाडा तिर्न लगाउनु अथवा आम्दानी धेरै हुनु पर्ने आवश्यकता राख्नु, घरेलु हिंसाबाट बच्नेहरुलाई गरिने भेदभावका उदाहरणहरु हुन्।

**कुन आवास प्रदायकहरूलाई भाडावालहरू र सम्भावित भाडावालहरू विरुद्ध भेदभाव गर्न अनुमति छैन?**

प्रायः सबै प्रकारका आवास प्रदायकहरूको लागि घरेलु हिंसाबाट बचेका भाडावालहरू र सम्भावित भाडावालहरू बिच घरेलु हिंसाबाट बचेकै आधारमा भेदभाव गर्नुलाई अवैध मानिन्छ[2]। त्यसैले, यदि तपाईं अनुदानित आवासमा, बजारदर भन्दा थोरै पैसा लाग्ने आवासमा, बजार दर अनुसार पैसा लाग्ने आवासमा, बेघर वा घरेलु हिंसा आश्रयगृहमा अथवा मोटेलमा बस्नु हुन्छ भने तपाईं सम्भवतः संघीय कानून द्वारा खास प्रकारका विभेदहरुबाट सुरक्षित हुनुहुन्छ।[ii]

**म घरेलु हिंसाको शिकार भएकै कारणले मलाई भेदभाद गरियो, म के गर्न सक्छु?**

तपाईंसँग निम्न सहित धेरै विकल्पहरू छन्:

**१. घरेलु हिंसाबाट बच्नेको रूपमा तपाईंको अधिकारहरूको बारेमा आवास प्रदायकलाई सूचित गर्नुहोस।**

घरेलु हिंसाबाट बच्नेको अधिकारको बारेमा तपाइले आफ्नो आवास प्रदायकलाई शिक्षा दिनुपर्ने हुन सक्छ। यदि तपाईंलाई घरबाट निकालिएको, नराम्रो क्रेडिट इतिहास भएको, अथवा घरेलु हिंसामा परेको कारणले भएको आपराधिक इतिहासको कारणले आवास अस्वीकृत गरिएको थियो भने, तपाईले एफभीएपी (FVAP) को नमुना चिठी प्रयोग गरि घरधनि वा प्रोपर्टी म्यानेजरलाई आफु घरेलु हिंसाको शिकार भएको आधारमा आफ्नो अस्वीकृत भएको आवेदनलाई पुनर्विचार गर्न अनुरोध गर्न सक्नु हुन्छ। यदि आवास प्रदायकले तपाईलाई घरेलु हिंसाबाट बचेकै कारणले उच्च भाडा तिर्न वा उच्च सुरक्षा रकम जम्मा गर्न आवश्यक पारेको छ भने, तपाइले एफ भी ए पी (FVAP) को नमुना चिठी प्रयोग गरि घरधनि वा प्रोपर्टी म्यानेजरलाई आफु घरेलु हिंसाबाट बचेकै कारणले अनुपयुक्त व्यवहार नगर्न अनुरोध गर्न सक्नु हुन्छ।

**२. तपाईको कानूनी विकल्पहरु खोजी गर्नुहोस।**

यदि आवास प्रदायकले फेयर हाउसिंग ऐनको उल्लंघन गर्छ भने तपाईंसँग संयुक्त राज्य अमेरिकाको न्याय विभागमा गुनासो गर्ने र/वा राज्य वा संघीय अदालतमा मुद्दा हाल्ने अधिकार छ। तपाईंको उत्तम विकल्पहरू पत्ता लगाउनको लागि तपाईंको स्थानीय कानूनी सहायता संगठनसँग कुरा गर्नुहोस्। तपाईंको स्थानीय कानूनी सहायता संगठन पत्ता लगाउन https://www.lawhelpca.org/ मा हेर्नुहोस।

**संघीय कानुनले भेदभावलाई कसरी अवैध बनाउछ ?**

फेयर हाउजिंग एक्ट एक संघीय कानून हो, जसले आवास प्रदायकहरू, जस्तै घरधनि, आवास अधिकारहरू, र प्रोपर्टी म्यानेजरहरु द्वारा भाडावाल वा सम्भावित भाडावालहरुलाई तिनीहरूको असक्षमता, जाति, रङ, धर्म, लिंग, पारिवारिक स्थिती वा राष्ट्रिय मूलका कारण असमान रूपमा व्यवहार गर्नबाट प्रतिबन्ध लगाउँदछ।[iii]

**संघीय कानून अन्तर्गत घरेलु हिंसाबाट बचेकाहरू कसरी सुरक्षित हुन्छन्?**

फेयर हाउजिंग एक्टले घरेलु हिंसाबाट बचेकाहरूप्रति भेदभाव गर्नु अवैधानिक हो भनेर विशेष रूपमा उल्लेख गरेको छैन। यद्यपि, धेरै पिडितहरु महिला हुने र घरेलु हिंसाबाट बच्ने बिरुद्धको भेदभावको असर पुरुषहरु भन्दा महिला माथि धेरै हुने भएकोले यो अवैध हुन जान्छ।[iv] घरेलु हिंसाबाट बचेकाहरु विरुद्ध हुने भेदभाव अवैधानीक लैंगिक भेदभाव हुन्छ जब

(१) त्यो लिङ्गको वा लैंगिक मान्यताको आधारमा घरेलु हिंसाबाट बचेकाहरु विरुद्ध असमान व्यवहार हुन्छ, अथवा

(२) त्यसको असमान प्रभाव प्राय पुरुषलाई भन्दा महिलालाई बढी पर्छ। [v]

---

[1] According to the Federal Law. 42 U.S.C. §§ 3601-3619

[2] The Fair Housing Act does not apply to owner occupied homes, dwellings with four or fewer units where the owner occupies one of the units, some housing controlled by religious organizations and private clubs, and some housing designated for elderly persons. 42 U.S.C. §§ 3604(b); 3607.



This information is not providing legal advice and should not replace the advice of an attorney. This resource uses California and Federal law only.
Last updated on 1/8/19. Copyright © Family Violence Appellate Project 2019

**अवैधानीक भेदभाव: असमान व्यवहार**

भिन्न व्यवहार असमान व्यवहार हो। फेयर हाउजिङ एक्टले घरेलु हिंसाबाट बचेका विरुद्ध लिङ्ग अथवा लैंगिक मान्यताका आधारमा हुने असमान व्यवहारलाई अवैधानीक बनाउछ। उदाहरणका लागि - एक भाडावाललाई उनको लोग्नेले हिंसा गर्यो, त्यसैले ऊनले लोग्ने विरुद्ध निषेधात्मक आदेश लिईन। घरधनिले उनलाई घरबाट निकाली दियो किनकि घर धनिले लोग्ने द्वारा घरेलु हिंसामा पर्नुमा उनि पनि केहि हद सम्म जिम्मेवार छिन भन्ने विश्वास गर्यो। घरधनिको उनलाई घरबाट निकाल्ने निर्णय महिलाहरु आफुमाथि हुने हिंसाका लागि आफै जिम्मेवार हुन्छन भन्ने लैंगिक मन्यताका आधारमा थियो। घरेलु हिंसाबाट बच्ने महिलाहरु आफुमाथि हुने हिंसाका लागि आफै जिम्मेवार हुन्छन भन्ने घरधनिको विचार महिलाबारे राखिने लैंगिक मान्यता हो। त्यहाँ घरधनिद्वारा पिडित माथि गरिएको असमान व्यवहारको लागि अरु कुनै वैध र कानुनन् कारण थिएनन् । त्यसैले, घरेलु हिंसामा परेकै कारणले पिडितलाई भाडाबाट निकाल्ने घरधनिको निर्णय पिडित विरुद्ध भएको गैरकानुनी र असमान व्यवहार हो।

**अवैधानीक भेदभाद : असमान प्रभाव**

असमान प्रभाव एक तटस्थ नीति वा अभ्यास हो जसले हिंसामा नपरेकाहरुमा भन्दा घरेलु हिंसाबाट बच्नेहरूमा ठूलो नकारात्मक प्रभाव पार्दछ। उदाहरणका लागि - घरमालिकसँग सबै आवेदकहरूलाई भाडामा दिनु भन्दा अघि हुने जाँच रिपोर्टका अनुसार उनीहरु पहिला घरबाट निकालिएका छन् भने उनीहरुको आवेदन अस्वीकार गर्ने अभ्यास हुन सक्छ। किनकी एक दुर्व्यवहार गर्ने व्यक्तिको कारणले धेरै जसो पिडित घरबाट निकालिन्छन, त्यसैले गर्दा एक घरेलु हिंसाबाट बचेको व्यक्तिको पृष्ठभुमी रिपोर्टमा उनीहरु घरबाट निकालिएको भन्ने कुरा अरु आवेदकहरुको भन्दा धेरै हुन्छ। किनकि धेरै घरेलु हिंसाबाट बच्ने व्यक्तिहरु महिलाहरु हुने भएकोले, घरधनिद्वारा पृष्ठभुमी रिपोर्टका अनुसार घरबाट निकालिएकाहरुको आवेदन अस्वीकार गर्ने नीतिको असमान प्रभाव महिलाहरुलाई पर्दछ।[vi] त्यसैले, पृष्ठभुमी जाच रिपोर्टमा घरबाट निकालिएकै आधारमा सबै आवेदकको आवेदन अस्विकार गर्ने घरधनीको नीति अवैधानिक भेदभाव हुन सक्छ किनकि त्यस कारणले गर्दा पुरुषहरु भन्दा धेरै महिलाहरु घर पाउनबाट बन्चित हुने गर्दछन।[vii]

**मैले कसरी अधिक सहयोग प्राप्त गर्न सक्छु?**

प्रश्नहरुका लागि FVAP एफभीएपीलाई info@fvaplaw.org मा अथवा ५१०-८५८-७३५८ मा सम्पर्क गर्नु होस्।

---

[i] 42 U.S.C. § 3604; Sara K. Pratt, U.S. Dept. of Housing and Urban Dev., Office of Fair Hous. & Equal Opportunity, Assessing Claims of Housing Discrimination against Victims of Domestic Violence under the Fair Housing Act and the Violence Against Women Act (2011).

[ii] 42 U.S.C. § 3604.

[iii] *Id*; 24 C.F.R. §§ 100.60 - 100.80

[iv] Alvera v. CBM Group, Case No. 01-857 (D. Or. 2001).

[v] Sara K. Pratt, U.S. Dept. of Housing and Urban Dev., Office of Fair Hous. & Equal Opportunity, Assessing Claims of Housing Discrimination against Victims of Domestic Violence under the Fair Housing Act and the Violence Against Women Act (2011).

[vi] U.S. Department of Justice, Office of Justice Programs, Bureau of Justice Statistics Crime Data Brief, Intimate Partner Violence, 1993-2001 (2003).

[vii] U.S. Department of Justice, Office of Justice Programs, Bureau of Justice Statistics Crime Data Brief, Intimate Partner Violence, 1993-2001 (2003).



This information is not providing legal advice and should not replace the advice of an attorney. This resource uses California and Federal law only.
Last updated on 1/8/19. Copyright © Family Violence Appellate Project 2019